# मिति २०७५ श्रावण ७ गते वसेको वैठकको निर्णयहरु :

**निर्णय नं. १ :**

वलम्वु विकास केन्द्रमा रहेका जि.स.स.ले निर्माण गरी भाडामा लगाएका घर टहराहरु रङ्गरोगन, मर्मत सम्भार गर्न अत्यावश्यक भएको र पसल कवलहरु भाडामा लगाएकै अवस्थामा उल्लेखित काम गर्न अप्ठेरो पर्ने हुँदा हाल व्यवसाय गरिरहेका पसलधनीहरुलाई वढीमा २०७५ असोजमसान्तसम्म देहायको दरमा भाडा लिने गरी म्याद दिई सुचना गर्ने । उक्त म्यादभित्र सटर कवल खाली नगरिए प्रशासनको सहयोग लिएर खाली गराउने ।

तपशिल

वलम्वु चोकसंगैको मुल भवनको सटर कवलहरुको लागि निर्धारण गरिएको भाडा दर

| सटर नं. | भाडा रकम रु. |
|---|---|
| १ | १२५००.०० |
| २ | १२०००.०० |
| ३ | ११५००.०० |
| ४ | ११०००.०० |
| ५ | १०५००.०० |
| ६ | १००००.०० |
| ७ | ९०००.०० |
| ८ | ८५००.०० |
| ९ | ८०००.०० |

त्यस्तै गरी जि.स.स. भवनसंगै रहेको अन्य १७ वटा सटरहरुको हकमा ती सटरहरु भित्री सडकसंगै रहेको र तिनीहरुको महत्व एकै प्रकृतिको रहेकोले गत आ.व. २०७४/०७५ मा ठेक्का सम्झौता हुँदाको रकम रु. ६७१२००।०० लाई १७ ले भाग गरी हुन आएको मासिक रकम रु. ३,२९०।०० को दरले प्रति सटर भाडा दर निर्धारण गरी त्यस्ता सटर कवलमा व्यवसाय गर्ने संचालकहरुलाई सूचना एवं जानकारी गराउने ।

उल्लेखित भाडा दर २०७५ श्रावण, भाद्र र असोज महिनाको लागि मात्रै कायम हुने तत्पश्चातको लागि जि.स.स.को वैठकले निर्धारण गरे वमोजिम हुने गरी भाडा दर कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

ग्रामीण पुनर्निर्माण तथा पुनस्थापना आयोजनाको कागेश्वरी चक्रपथ सडकको भद्रवास खण्डमा रहेको कित्ता नं. १९२ को जग्गा सडक निर्माण क्रममा कित्ताकाट हुँदा व्यक्तिको वसोवास गरेको घर समेत परेको भनी प्राप्त निवेदन सम्वन्धमा के गर्न उपर्युक्त हुन्छ भन्ने सम्वन्धमा निर्क्यौल गर्न जि.स.स. उप-प्रमुख श्री सरिता दाहालज्यूको संयोजकत्वमा निम्नानुसारको उपसमिति गठन गरी उपसमितिले स्थलगत अवलोकन र नापी कार्यालयका प्रतिनिधि समेतसंग छलफल गरी प्रतिवेदन दिए पश्चात उक्त विषयमा आवश्यक कारवाही अगाडि वढाउने निर्णय गरियो ।

| | |
|---|---|
| जि.स.स. उपप्रमुख श्री सरिता दाहाल | संयोजक |
| जि.स.स. सदस्य श्री उद्धव भण्डारी | सदस्य |
| प्रमुख जिल्ला ईन्जिनियर श्री समर वहादुर खनाल | सदस्य सचिव |

**निर्णय नं. ३**

नागार्जुन नगरपालिकाका सितापाईलामा आ.व. २०७३/०७४ मा निर्वाचन क्षेत्र पूर्वाधार विशेष (क्षेत्र नं. ९) र अन्य शिर्षकबाट समेत रकम विनियोजन गरी खानेपानी ट्यांकी निर्माण प्रारम्भ गरिएकोमा निर्माण कै क्रममा स्थानीयस्तरमा विवाद सिर्जना भई निर्माण कार्य सुचारु हुन नसकी आयोजना अधुरै रहेको छ ।

उल्लेखित योजना सम्पन्न गर्न जि.स.स. र न.पा.बाट पटक पटक पहल भई रहेपनि विवाद समाधान हुन नसकी रोकिएको निर्माण कार्य पुनः प्रारम्भ हुन सकेको छैन । बोलपत्रको माध्यमबाट निर्माण व्यवसायीसंग सम्झौता गरी निर्माण गरिएको सो ट्यांकी निर्माणमा विवाद आएपछि पनि चाँडै विवाद समाधान हुने आशमा ठेक्का सम्झौता कायमै गरिएको अवस्था छ ।

हालसम्मको प्रयासबाट तत्काल विवाद समाधानको सम्भावना नदेखिएकोले पछि विवाद समाधान भएपश्चात निर्माण कार्य अर्को प्रकृया (ठेक्का/उपभोक्ता) बाट गराउने गरी हाललाई देहाय वमोजिम गर्ने निर्णय गरियो ।

१. निर्माण व्यवसायीसंग छलफल गरी थप व्ययभार नपर्ने गरी ठेक्का अन्त्य गर्ने गर्ने । यस्का लागि आवश्यक समन्वय प्रमुख जिल्ला ईन्जिनियर श्री समर वहादुर खनालले गर्ने ।
२. जि.स.स. र नागार्जुन नगरपालिका विच मिति २०७४/११/०९ मा नागार्जुन नगरपालिका कार्यालयमा भएको समन्वय वैठकको निर्णय वमोजिम गठित जि.स.स. र नगरपालिकाका एक/एक जना प्राविधिक रहेको उपसमितिले मिति २०७५/०४/०३ मा दिएको प्रतिवेदन नगरपालिकामा पठाई सो को अध्ययन गरी तहाँबाटै आवश्यक प्रवन्ध गरी निर्माण कार्यसम्पन्न गर्न अनुरोध गर्ने ।

**निर्णय नं. ४ :**

जि.स.स.मा रहेका कर्मचारीहरुलाई नगरपालिकाहरुमा काज खटाइएको एवं काज फिर्ता सम्वन्धमा सवैलाई जानकारी गराइयो ।